मिति २०८१/०६/१६ गते बसेको चौथो गाउँकार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. प्रगति समिक्षा सम्बन्धमा ।
२. कार्यविधि/मापदण्ड स्वीकृत सम्बन्धमा ।
३. बेरुजु फछ्र्यौट सिफारिस समिति गठन सम्बन्धमा ।
४. राष्ट्रिय परिचय पत्र शिविर संचालन खर्च सम्बन्धमा ।
५. मनहरी अस्पताल निर्माण आयोजनाको रकम माग गर्ने सम्बन्धमा र सापटी खर्च सम्बन्धमा ।
६. आयोजना बैंक निर्माण सम्बन्धमा ।
७. गाउँपालिका प्रशासनिक भवन निर्माण आयोजनाको जग्गा र विरुवाको रकम बुझाउने सम्बन्धमा ।
८. जिल्ला प्रशासन कार्यालय नागरिक सहायता कक्षमा कार्यरत करार कर्मचारी पारिश्रमिक सम्बन्धमा।
९. उपभोक्ता समितिलाई मेशसनरी प्रयोग अनुमति सम्बन्धमा ।
१०. जि. स. स. समपुरक/लागत साझेदारी रकम सम्बन्धमा ।
११. आर्थिक सहायता, अनुदान तथा आयोजना सम्बन्धमा ।
१२. घरेलु हिंसा निवारण सम्बन्धी संचालित तिज विशेष कार्यक्रमको अपुग रकम सम्बन्धमा ।
१३. खानेपानी तथा सिचाईको लागि तार उपलब्ध गराउने सम्बन्धमा ।
१४. उत्पादनपरान्त क्षति न्युनिकरणको लागि कोल्ड स्टोरको भाडा शुल्कमा मूल्य अनुदान कार्यक्रम ।
१५. पदपुर्ती गर्ने सम्बन्धमा ।
१६. आ व ०८१/०८२ को शाखागत क्रियाकलापहरुको बार्षिक कार्यान्वयन कार्ययोजना सम्बन्धमा ।
१७. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धमा ।
१८. ठेक्का वा उपभोक्ता समितिबाट गर्ने काम सम्बन्धमा ।
१९. उपभोक्ता समिति PAN (स्थायी लेखा) दर्ता सम्बन्धमा ।
२०. आ.व. ०८०/०८१ को सामाजिक सुरक्षा भत्ताको लागि अपुग रकम माग सम्बन्धमा ।
२१. कानून निर्माण सिफारिस समितिको प्रतिवेदन सम्बन्धमा ।
२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी सम्बन्धमा ।
२३. हाईमार्स वत्ती जडान सम्बन्धमा ।
२४. दुई पाङ्ग्रे सवारी साधन खरिद सम्बन्धमा ।
२५. मध्यस्थता नियुक्ति सम्बन्धमा ।
२६. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।
२७. विद्यालय बस सिफारिस सम्बन्धमा ।
२८. नदीजन्य पदार्थको विक्री खुला गर्ने सम्वन्धमा ।
२९. नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन गर्ने सम्वन्धमा ।
३०. विज्ञापन कर संकलनको ठेक्का व्यवस्थापन गर्ने सम्वन्धमा ।
३१. मनहरी तथा लोथर खोलाको नदीजन्य पदार्थ संकलनको कार्यसुची (ToR) सम्वन्धमा ।

३२. दशै खर्च तथा मौला पुजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।
३३. सापटी सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस अघिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, स्वास्थ्य, आर्थिक विकास शाखा, भौतिक पूर्वाधार तथा नगर प्रहरी ईकाइ लगायतका शाखाहरुको मासिक कामको प्रगति समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कानून निर्माण समितिबाट सिफारिस भएका तपसिल बमोजिमका कानून स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

क. कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र स्थापना एवं संचालन कार्यविधि, २०८१
ख. कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
ग. कृषि बिमा प्रिमियम अनुदान कार्यविधि, २०८१
घ. निशुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को पहिलो संशोधन सम्बन्धमा

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट यस गाउँपालिकामा भएको वित्तीय विवरण र कारोवारहरुको परीक्षण एवमं प्रचलित कानूनको परिपालनाको मुल्याकंन गरी औंल्याएको बेरुजु रकमको सम परीक्षण गरी बेरुजु रकम फर्छ्यौटका लागि लेखा समिति र गाउँ सभालाई सिफारिस गर्न तपसिल बमोजिमको एक बेरुजु फर्छ्यौट सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. श्री सिता पुलामी मगर — उपाध्यक्ष- संयोजक
२. श्री सविता सुवेदी — कार्यपालिका सदस्य- सदस्य
३. श्री संगिता सापकोटा- आ.ले.प. — सदस्य सचिव

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था तथा नेपाल सरकार (म.प.) को मिति २०८१/०३/२४ को निर्णयानुसार २०८१ असार १० गते नेपाल राजपत्र (खण्ड ७४ संख्या

१५ भाग ५० मा प्रकाशित सुचना समेतका आधारमा लाभग्राहीको सूचीकरण तथा नवीकरण गर्दा साविक बमोजिमका प्रमाण (फोटो, जन्म मिति, नाम, नागरिकता नम्बर जारी जिल्ला, जारी मिति आदि) का अतिरिक्त राष्ट्रिय परिचय नम्बर प्रविष्ट गरी सो आधारमा जैविक पहिचान (Biometric Verification) गरी लाभग्राही एकिन गर्ने उद्धेश्यले जिल्ला प्रशासन कार्यालय मकवानपुरको सहयोगमा यस मनहरी गाउँपालिकाको ९ वटै वडा कार्यालयमा मिति २०८१-०३-३१ देखि २०८१-०४-०६ सम्म ४ जना दर्ता सहयोगी बाट राष्ट्रिय परिचय पत्र दर्ता शिविर संचालन गर्दा भएको तपसिल बमोजिमको खर्च रकम गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विवरण | भुक्तानी हुनुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | ४ जना दर्ता सहयोगिको आवास/ खाना खाजा खर्च | ४३,४९०/- | |
| २ | यातायत खर्च २ वटा अटो | २८,०००/- | |
| ६ | जम्मा (एकहत्तर हजार चार सय नब्बे मात्र) | ७१,४९०/- | |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा मनहरी अस्पताल निर्माण आयोजनाको निर्माण व्यवसायीबाट पेश भएको बिल रु ४२,७३,३२४/- ( बयालिस लाख त्रिहत्तर हजार तीन सय चौबिस मात्र) सहित अस्पताल निर्माण सम्पन्न गर्नको लागि आवश्यक रकम रु ५,४२,७३,३२४/- ( पाचँ करोड बयालिस लाख त्रिहत्तर हजार तीन सय चौबिस मात्र) उपलब्ध गराईदिनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लेखी पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रमा संचालन हुने तथा हुन सक्ने अनुसुचि -१ अनुसारका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी तथा आवश्यकता अनुसार संभाव्यता अध्ययन, वातावरणीय परीक्षण गरी गाउँपालिकाको आयोजना बैंकमा राखे र उपलब्ध स्रोत अनुसार गाउँपालिकाले क्रमशः कार्यान्वयन गर्ने र गाउँपालिकाले स्रोत जुटाउन नसक्ने आयोजना संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकाय, संघ संस्थामा पठाई आवश्यक रकम उपलब्ध गराईदिन माग गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा वन तथा भू- संरक्षण विभागको प.सं. ०८१/०८२, च.नं. ३४१ मिति २०८१/०६/१५ को मिति अनुसार गाउँपालिकाको भवन निर्माणको लागि वडा नं. ९ मा रहेको राष्ट्रिय वनको ०-२ हेक्टर जग्गा प्रयोग गर्दा ३ वटा रुख हटाउ, सट्टा भर्ना

जग्गा वापत र सो जग्गामा वृक्षारोपण वापत हुने कुल रकम रु १०,२१,५६२.५०/- ( दश लाख एक्काईस हजार पाचँ सय बैसठ्ठी रुपैया पचास पैसा मात्र)

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन मिति २०८०/०१/०४ गतेको बैठकको निर्णायानुसार नागरिक सहायता कक्षमा सेवा करारमा कार्यरत सहायक कम्प्युटरलाई स्थानीय तहसंगको समन्वयमा पारिश्रमिक प्रदान गर्न जिल्ला प्रशासन कार्यालयको मिति २०८१/०६/०८ गतेको पत्रानुसार लेखी आएको हुदाँ सेवा करारमा अप्रेटर श्री प्रशान्त ढुङ्गेलको रुजु हाजिर अबधि ( जेठ, असार, साउन, भदौ) १०८ दिनको रु ११२७७८.९४ (,अक्षररेपी रु एक लाख बाह्र हजार सात सय अठ्ठहत्तर दशमलब नौ चार) करार सेवा शुल्क शिर्षकबाट भुक्तानी दिने दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/०८२ मा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा मेशिनरी ईक्युपमेन्टको प्रयोग गर्दा निर्माण कार्यहरुको गति बढ्ने, लागत कम हुने र गुणस्तरयुक्त कार्य हुने तथा मानब श्रम उपलब्ध हुन नसक्ने हुनाले आ.व. ०८१/०८२ मा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा मेशिनरी ईक्युपमेन्टको प्रयोगलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८१/०१/२७ गते बसेको पन्ध्रौं गाउँपालिकाको निर्णयानुसार जि.स.सं. संगको ६०/४० संयुक्त लागत साझेदारीमा संचालन गर्ने भनिएको योजनाहरुको लागि आवश्यक रकम रु २० लाख समपुरक तथा अन्य पूर्वाधार शिर्षकबाट शिर्षकबाट छुटयाई योजना कार्यान्वयन गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने विपद्जन्य घटनाको लागि माग भई आएको रकम अनुसूची - २ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथी छलफल गर्दा मनहरी गाउपालिकाको आ.व. ०८१/८२ को स्वीकृत बार्षिक बजेटको घरेलु हिंसा निवारण सम्बन्धी कार्यक्रममा विनियोजन भएको रकम बांट संचालित घरेलु हिंसा निवारण सम्बन्धी सचेतनामुलक तिज विशेष कार्यक्रममा अपुग रकम रु २८,७५०/- भाषा र संस्कृति संरक्षण कार्यक्रममा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा १ नं. वडा कार्यालयको प. सं. ०८१/८२, च.नं. ३८०, मिति २०८१/०६/०७ को सिफारिस पत्र बमोजिम भोर्लेटाडीं सिरानटोल खानेपानी तथा सिचाई व्यवस्थापन उपभोक्ता समितिको निर्माण कार्य भईरहेको र सो योजनाको लागि २५ फोरकोटको तार आवश्यक भई ५० मि. को तार माग भई आएकोले, निर्माण कार्यको स्थान

भन्दा ट्रान्सफर्मरको दुरी कम भएमा बढी भएको तार गाउँपालिकालाई फिर्ता गर्ने गरी कार्यलयमा रहेको मौजदातबाट माग भई आएको परिमाणमा फोरकोटको तार उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउपालिका क्षेत्रभित्र हुने कृषिजन्य उत्पादनमा उत्पादनपरान्त क्षति न्युनिकरणको लागि कोल्ड स्टोरेजको भाडा शुल्कमा मुल्य अनुदान कार्यक्रमको लागि आवेदकले तोकिएको कागजात सहित माग गरेको भाडामा १०० % रकम अनुदान दिने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ६ स्थित बालभञ्याङ्गमा बर्थिङ्ग सेन्टर स्थापनाको लागि १ जना अनमी र गाउँपालिकाको सुरक्षित आप्रवासन परियोजना अन्तर्गत कार्यरत रिटर्नी स्वयंसेवकको रिक्त पद १ मा मनहरी गाउँपालिकाको करार सेवामा श्रेणी विहिन कर्मचारी र प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७८ बमोजिम पदपुर्ती गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मनहरी गाउपालिकाको आ.व. ०८१/०८२ को लागि स्वीकृत बार्षिक कार्यक्रमहरुको लागि शाखागत रुपमा तयार गरिएको कार्यान्वयन कार्ययोजना प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृत गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा मनहरी गाउपालिकाको दुग्ध विक्रीमा अनुदान कार्यविधि, २०७६ को दफा ५ बमोजिम आ.व. ०८०/०८१ मा गाउँपालिकाका विभिन्न दुग्ध सहकारी मार्फत संकलन भएको परिमाण २१,६४,६०७.०८ लि. मा प्रति लि. रु ३ का दरले अनुदान उपलब्ध गराउनको लागि आवश्यक रकम रु ६४,९३,८२१.२४ मध्ये आ.व. ०८१/८२ को लागि आन्तरिक स्रोत तर्फ विनियोजित शिर्षक सहकारी मार्फत कृषकलाई दुग्ध अनुदानबाट रु ३५,००,०००/- प्रदेश ससर्त तर्फ विनियोजित शिर्षक उत्पादनमा आधारित दुग्धमा प्रोत्साहन कार्यक्रमबाट रु १९,१०,०००/- गरी जम्मा ५४,१०,०००/- मा अपुग रकम रु १०,८३,८२१.०२४/- मत्स्य विकास कार्यक्रम ३,००,०००, प्राकृतिक प्रकोपबाट हुने पशुधन क्षति कार्यक्रम ४,००,००० बंगुरपालन कार्यक्रम वडा नं. ४ ५,००,००० शिर्षकबाट भुक्तानी दिन गाउँकार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै हाल उक्त रकम निकासा भईनसकेकोले पारिश्रमिक पदाधिकारी शिर्षकबाट ३००००००/-, करार सेवा शुल्कबाट १५,००,०००/- र निर्मित सार्वजनिक सम्पति/मेशिनरी औजार मर्मत संभार शिर्षकबाट ८३,८२१/- गरी ४५,८३८२१ सापटी लिई उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

रन्जन कालाढेती
अध्यक्ष

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रभित्र कार्यान्वयन हुने निर्माणजन्य कार्यहरुमा भवन, पुल, बिच तथा जटिल प्रकृतिको अन्य काम ठेक्का प्रक्रिया मार्फत र सडक निर्माण, ढलान, ग्याविन लगायतका अन्यकार्य उपभोक्ता समिति मार्फत गर्न गाउँकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा निश्चित रकमका स- साना आयोजनाहरु निर्माण सम्पन्न गर्नको लागि उपभोक्ता समिति गठन हुने र आयोजना निर्माण सम्पन्न पश्चात उपभोक्ता समिति निश्क्रिय हुने भएकाले स्थायी लेखा नम्बर (PAN) दर्ता नभएका उपभोक्ता समितिसंग पनि सम्झौता गरी आयोजना निर्माणको काम गर्ने निर्णय गरियो ।

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको लागि आ.व. ०८०/०८१ को चौथो त्रैमासिक अबधिको सामाजिक सुरक्षा भत्ता वितरणको लागि अपुग रकम रु ६८,७९,६३५/- (अठसठ्ठी लाख उनान्नसी हजार छ सय पैतिस रुपैयाँ) मनहरी गाउँपालिकाको प.सं. ०८०/०८१, च.नं. २६८२ मिति २०८१/०१/१८ गतेको पत्रानुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिहंदरवार, काठमाडौंमा माग लेखी पठाएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको कानून निर्माण सिफारिस समितिको संयोजक श्री दिपेन्द्र अधिकारीज्युबाट प्रस्तुत आ.व. ०८०/०८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरियो ।

२२. प्रस्ताव नं. २२ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. २०८१/०८२, च.नं. १०३० मिति २०८१/०६/१० कव प्राप्त पत्र अनुसार आवश्यक छानविन जाचँबुझ गरी कार्यपालिका बैठकमा पेश गर्न मिति २०८०/०९/०४ गते गठित उजुरी तथा गुनासो छानविन समितिलाई निर्देशन दिईयो ।

२३. प्रस्ताव नं. २३ माथी छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ मनहरी बजारको राजमार्ग लाईनमा आउदै गरेका चाडवाडहरुको समयमा चोरी जन्य अपराधहरु बढने भएकाले त्यस्ता अपराध नियन्त्रणका लागि सि.सि. क्यामेरा सहितको हाईमार्स वत्ती राजमार्गको बीच भागमा राख्ने ब्यवस्था मिलाईदिनुहुन भनि वडा कार्यालयको च.नं. ६५६ मिति २०८१/०६/१५ गतेको पत्रवाट अनुरोध भै आएको र उक्त कार्यका लागि चालु आ.ब.मा रु. ५ लाख विनियोजन भएकोमा सो रकमले नपुग हुने भएकाले जनता संग अध्यक्ष विकास कोषवाट नपुग रकम ब्यहोर्ने गरी प्राविधिकको लागत अनुमान अनुसार हाईमार्स पोललाई तत्काल जडान गर्ने सो पोलमा सि.सि. क्यामरा सहित संचालनमा ल्याउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।



रन्जन कोलाखेती
अध्यक्ष

२४. प्रस्ताव नं. २४ माथि छलफल गर्दा मनहरी गाउपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर प्रहरी परिचालन आवश्यक दुई पाङ्ग्रे सवारी साधन खरिद गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२५. प्रस्ताव नं. २५ माथि छलफल गर्दा हिराचन बानियाँ जे.भी कम्पनी प्रा.ली. हेटौंडा मकवानपुरले नेपाल मध्यस्थता परिषदमा निवेदन दिएको र उक्त परिषद्ले मध्यस्थता नियुक्ति गरिदिन पत्र लेखि आएकोले नेपाल मध्यस्थता परिषदका सदस्य श्री खेम डल्लाकोटीलाई गाउँपालिकाको तर्फबाट मध्यस्थता नियुक्ति गर्ने निर्णय गरियो ।

२६. प्रस्ताव नं. २६ माथि छलफल गर्दा माथि छलफल गर्दा "घ" वर्गको निर्माण सम्बन्धी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुदाँ तपसिल बमोजिमको निर्माण व्यवसायी, फर्म, कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | फर्मको नाम | संचालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १ | जे. एन. आर कन्ट्रक्शन प्रा. ली. मनहरी ८ | रजदीप महर्जन हेटौंडा १० | ३०३९०७६६२ | |

२७. प्रस्ताव नं. २७ माथि छलफल गर्दा विद्यालय बस संचालन तथा मर्मत गाउँपालिकाले गर्ने गरी एक विद्यालय बस उपलब्ध गराईदिन शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्ने निर्णय गरियो ।

२८. प्रस्ताव नं . २८ माथि छलफल हुँदा मनहरी गाउँपालिका क्षेत्रभित्र रहेका नदीजन्य पदार्थ प्रशोधन गर्ने उद्योग तथा सप्लायर्सहरु संग गतः आषाढ मसान्त सम्म बाँकि रहेको मौज्दात जिल्ला अनुगमन समितिवाट गठित उपसमितिले देहाय अनुसार नापजाँच गरेको ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती अध्यक्ष

मिति २०८१/०६/१६ गते बसेको चौथो गाउँकार्यपालिका बैठकको निर्णयहरु

इकाई: - घनमिटर

| सि.नं. | प्रशोधन उद्योग/सप्लायर्सको नाम | विवरण अनुसार बाँकि परिमाण | जिसस टोलिले नापजाँच गरेको परिमाण | वढि परिमाण | जरिवाना रकम | स्टक कायम हुने परिमाण |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | सन्तोषि वालुवा उद्योग | १०६२१.२० | १०५६०.५९ | | | १०६२१.२० |
| २ | जय मनहरी बालुवा उद्योग | २२५१.४३ | २१९४.५९ | | | २२५१.४३ |
| ३ | बर्तौला बालुवा उद्योग | ४९९.४० | ५०७.५९ | ८.१९ | ४९१६.२१ | ५०७.५९ |
| ४ | कामना क्रसर उद्योग | २३४६४.२१ | २३००९.१२ | | | २३४६४.२१ |
| ५ | चतुर्मुखी क्रसर उद्योग | ५७०६३.७४ | ५७०८३.५३ | १९.७९ | ११८७९.३४ | ५७०८३.५३ |
| ६ | जनसेवा क्रसर उद्योग | २४३२१.७३ | २३४८३.११ | | | २४३२१.७३ |
| ७ | ओम शान्त वालुवा उद्योग | २३९३०.८६ | २३७१५.२६ | | | २३९३०.८६ |
| ८ | स्वस्तिक क्रसर उद्योग | ५८८७.१६ | ५६३०.४९ | | | ५८८७.१६ |
| ९ | आफ्नै वालुवा उद्योग | ७१६५.७५ | ७०६३.७६ | | | ७१६५.७५ |
| १० | सिम्पानी बालुवा उद्योग | १०२९.८४ | | | | १०२९.८४ |
| ११ | दाङसिङ बालुवा उद्योग | ५९९.७५ | ४६०.९७ | | | ५९९.७५ |
| १२ | मनहरी क्रसर उद्योग | २२७६.५९ | २३०४.४१ | २७.८२ | १६६९९.५१ | २३०४.४१ |
| १३ | दुर्गालक्ष्मी उद्योग | ९१९.१५ | ६९२.८९ | | | ९१९.१५ |
| १४ | दारिमवास बालुवा वासिङ | १५१४५.६६ | १४९४८.३३ | | | १५१४५.६६ |
| १५ | डि आर डि निर्माण सेवा | १९१८३.०० | १९१९८.२३ | १५.२३ | ९१४२.११ | १९१९८.२३ |
| १६ | त्रिमुर्ति एग्रिगेट | ११२९७.०० | ८४०७.६३ | | | ११२९७.०० |
| | जम्मा | २०५६५६.४७ | १९९२६०.५० | ७१.०३ | ४२६३७.१८ | २०५७२७.५० |

जिल्ला समन्वय समिति मकवानपुरको च.नं. २०८ मिति २०८१/०६/११ गतेको पत्रानुसार मौज्दात मापन भैईसकेका ३ वटा पालिकाका नदीजन्य पदार्थ उत्खननकर्ता, संचयकर्ता र क्रसर उद्योगहरुको विक्री वितरण खुला गर्ने निर्णय भएको हुँदा सो निर्णय कार्यान्वयनका लागि प्राप्त भएकाले देहाय अनुसार कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क. वढि देखिएको मौज्दातमा महल नं. ६ अनुसार जरिवाना असुल गर्ने ।

ख. महल नं. ७ अनुसारको परिमाणलाई चालु आ.ब.को सुरु मौज्दात कायम गर्ने ।

ग. विक्री शुल्कको हकमा सुरु मौज्दात परिमाणमा प्रति घनफिट रु. ९ का दरले संकलन गर्ने र चालु आ.ब.मा उत्खनन गरिने परिमाणमा प्रति घनफिट रु. ७ का दरले कर संकलन गर्ने ।

घ. ठेक्का व्यवस्थापन नहुन्जेल तत्काल देहाय अनुसार गर्ने गरी थप व्यवस्था मिलाउने

१. विक्री शुल्क र वातावरण शुल्क संकलन कार्य अग्रीम रुपमा कार्यालयमा लिने गरी राजश्व शाखावाट विक्री वितरणको व्यवस्था मिलाउने

२. स्थानीय खपतको लागि विभिन्न व्यक्ती, सप्लायर्सहरुले मध्यवर्ती समिति मार्फत स्थानीय खपतको लागि प्राप्त हुने नदिजन्य पदार्थ समेत नियमानुसारको अग्रीम राजश्व लिई विक्रि वितरणको व्यवस्था मिलाउने ।

३. कर संकलन नाकालाई चेकिङ नाकाको रुपमा कायम गरी साविक वमोजिमकै स्थानहरुमा संचालन गर्ने र उक्त स्थानवाट रसिद जारी नगर्ने ।

४. सो कर संकलन स्थानहरुमा रसिद चेकजाँचको कार्यमात्र गर्ने र सोका लागि नगर प्रहरी परिचालन गर्ने।

५. नगर प्रहरीले विक्रीको अभिलेख अध्यावधिक राखी साप्ताहिक रुपमा प्रतिवेदन कार्यालयमा पेश गर्ने ।

६. पालिकामा तिर्नुपर्ने राजश्व नतिरी ढुवानीका साधनहरु चेकिङ नाकामा गएमा लिनुपर्ने राजश्वको अतिरिक्त आर्थिक ऐन,२०८१ को अनुसूची १२ को वुँदा नं. ४ ले तोकेको दर जरिवाना लिने ।

७. जरिवाना रकम कार्यालयमा दाखिला नभएसम्म त्यस्ता अवैध सवारी साधनहरु प्रहरीको नियन्त्रणमा राख्न लगाउने ।

८. नियमित अनुगमनका लागि कार्यपालिकावाट गठित समिति सहित सवैजना सकृय हुने ।

९. कर संकलनका लागि आवश्यक सुरक्षा निकायहरुको सहयोगका लागि अनुरोध गर्ने

२९. प्रस्ताव नं. २९ माथि छलफल हुँदा निर्णय नं. २९ अनुसारको परिमाण वढावढको आधारमा ठेक्का ब्यवस्थानपका लागि राजश्व परामर्श समितिको सिफारिस अनुसार अविलम्व ठेक्काको सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने र चालु आ.ब.मा संकलन उत्खनन गरिने परिमाण प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको दररेट अनुसार विक्री शुल्क संकलन गर्ने गरी ठेक्का सूचनामा प्रकाशन गर्ने ब्यवस्था गर्न समेत निर्देशन दिने निर्णय गरियो ।

३०. प्रस्ताव नं ३० माथि छलफल हुँदा मनहरी क्षेत्रका विभिन्न स्थानहरुमा राखिएका होर्डिङ वोर्डहरुको ब्यवसायिक दृष्टिकोणवाट प्रचार प्रसार गर्न टाँसिएका वा राखिएका वोर्डहरुको विज्ञापन शुल्क रकम मनहरी गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची ६ अनुसारको दररेटमा कर संकलन गर्नुपर्ने भएकाले राजश्व परामर्श समितिले सिफारिस गरेको न्यूनतम अंक रु १,००,०००। (एक लाख) मा चालु आ.ब.का लागि ठेक्का सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

३१. प्रस्ताव नं ३१ माथी छलफल हुँदा मनहरी खोलाका विभिन्न ४ वटा स्थानहरुवाट संकलन गर्ने गरी प्रस्तावित कार्यसुची (ToR) बागमती प्रदेश सरकारवाट जारी भएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्वन्धमा ब्यवस्था गर्न वनेको कार्यविधि, २०७५ को परिच्छेद ३ अनुसार स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

३२. प्रस्ताव नं. ३२ माथि छलफल गर्दा २०८१ सालको वडा दशैंको अवसरमा तपसिल अनुसारको सुरक्षा निकाय कार्यालयलाई साविक बमोजिम नै दशैं खर्च, मौला पूजा तथा गाडि पूजाको लागि विविध शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यालय |
|---|---|
| १. | भिमफेदी कारागार |
| २. | ईलाका प्रहरी कार्यालय मनहरी |
| ३. | प्रहरी चौकि सुनाचुरी |
| ४. | सशस्त्र प्रहरी क्याम्प कत्ले |
| ५. | प्रहरी चौकि नेवारपानी |

३३. प्रस्ताव नं. ३३ माथी छलफल हुदाँ मनहरी गाउँपालिकाबाट निर्माण कार्य भैरहेको पक्की पुलहरुको निर्माण कार्य गरेवापत हिराचन वानीया निर्मार्ण सेवा प्रा. ली. जेभीले भुक्तानी माग गरेको तर पुल शिर्षकबाट संघीय/प्रदेश समानीकरण अनुदान प्राप्त भई नसकेको हुदाँ प्राप्त प्राविधिक मुल्याङ्कन अनुसार गाउपालिका प्रशासकीय भवन निर्माण आयोजनावाट सापटी स्वरुप रकम भुक्तानी दिने र पछि रकम प्राप्त भएमा सोधभर्ना गर्ने ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

रन्जन कोइराली
अध्यक्ष